# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०३३३
५२०३२६
५२२०३६
दमकल: ५२०३०५


## बसपार्क पुर्वाधार शुल्क उठाउने सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सुचना

**(दोश्रो पटक प्रकाशित मिति २०७८।०३।१६)**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) तथा दफा ६२ (२) एवं यस उप महानगरपालिकाको मिति २०७८।०१।२९ गते वसेको कार्यपालिका बैठक तथा यस कार्यालयको मिति २०७८।०३।१३ को निर्णयानुसार आधुनिक पूर्वाधारयुक्त बसपार्क भित्र तुलसी पेट्रोल पम्प र गाडी धुलाई र सरसफाईका लागि छुट्याइएको क्षेत्र बाहेक तपशिलका पूर्वाधारमा बसपार्क पूर्वाधार शुल्क संकलन प्रयोजनार्थ रितपूर्वक E-Bidding आह्वान गरिएकोछ ।

| क्र. सं | ठेक्का विवरण | ठेक्का नं. | बार्षिक न्यूनतम अंक (भ्याट बाहेक) | ठेक्का दिईने समयावधि | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक शौचालय | रा.१५/०७७/०७८ | २,५६,४५,०००।- (दुई करोड छपन्न लाख पैचालिस हजार मात्र) | २० वर्षको लागि | ५,०००।- |
| २ | पार्किङ्ग लामो समय | | | | |
| | पार्किङ्ग छोटो समय | | | | |
| | प्रवेश तथा निकासी शुल्क | | | | |
| ३ | होर्डिङ्ग बोर्ड सहित सार्वजनिक सुचना | | | | |
| ४ | टर्मिनल भवन | | | | |
| ५ | ५२ सटर | | | | |

**शर्त तथा वन्देजहरु :**

१. बोलपत्र सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा बोलपत्र वापतको दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको मेघा वैंक नेपाल तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९०४३ जम्मा गरेको बैंक भौचरको Scan Copy पेश गरी www.bolpatra.gov.np/egp बाट वोलपत्र खरीद गर्न सकिने छ ।

२. बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नवीकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस उप महानगरपालिका तुलसीपुर, दाङ स्थित मेघा वैंक नेपाल तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९१७८ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

३. विद्युतीय बोलपत्र पेश गर्ने म्याद समाप्त भए पश्चात बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयलाई बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ ।

४. बोलपत्रमा कवोल गरेको अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र स्वीकृत भइ संझौताको लागि सूचना पाएको मितिले ७ दिन भित्र कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर संझौताका बखत पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
५२०३२६
५२२०३६
दमकल: ५२०३०५

त्यस्तो धरौटी प्रत्येक बर्षका लागि निर्धारण हुने ठेक्का रकमको लागि जति अपुग हुन्छ सो बरावरको रकम धरौटी खातामा थप गर्दै जानु पर्नेछ । सो धरौटी रकम ठेक्का म्याद समाप्त भएको अर्को आर्थिक बर्षमा कर चुक्ता प्रमाण पत्र पेश गरे पश्चात मात्र फुकुवा हुनेछ ।

६. बोलपत्र स्वीकृत भएको तथा नवीकरणको सूचना पाएको मितिले ७ दिन भित्र कबोल अंकको शतप्रतिशत वा ५०% ले हुन आउने रकम यस कार्यालयको आन्तरिक राजस्व खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका बखत एकमुष्ट पेश गर्नु पर्नेछ । साथै कबोल अंकको शतप्रतशित बुझाउन नसकि ५०% मात्र बुझाएमा वांकी ५०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ । संझौता गर्दा उक्त दोश्रो किस्ता रकम नगद दाखिला नगरेमा सो बरावरको प्रत्येक अर्को वर्षको श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम अशुल उपर गरिनेछ । यसमा ठेकेदारले कुनै किसिमको हक दावी गर्न पाउने छैन ।

७. यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन तर संघिय सरकार, प्रदेश सरकार,यस उप महानगरपालिका वा न्यायिक निकायवाट कुनै श्रोत संकलन तथा उपयोगमा वन्देज लगाएमा तुलसीपुर उप महानगरपालिका कार्यपालिका वैठकको निर्णय वमोजिम वन्देज लगाएको दिनको मात्र दामासाहिले हिसाव गरी रकम मिलान/फिर्ता गर्न सकिनेछ ।

८. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

९. यो ठेक्का आ.व. ०७८/०७९ मा लागु हुनेछ ।

१०. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० सार्वजनिक खरिद ऐन, २०६३ र अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत